प्रतिनिधिसभाको राज्य व्यवस्था समितिमा छलफलमा रहेको **'वैयक्तिक गोपनियताका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक'**का केही विवादास्पद प्रावधानबारे विश्लेषण गरी फ्रिडम फोरमले तयार पारेको तीन महले टिप्पणी तथा सुझाव पत्र ।


**फ्रिडम फोरम**
**थापाथली, काठमाडौं,**
**फोन नं. ४१०२०३०, ४१०२०२२**

| दफा/खण्ड | प्रस्तावित व्यवस्था | टिप्पणी | सुझाव |
|---|---|---|---|
| परिच्छेद १, दफा २ (घ) २, ४, ७, ८ | (घ) वैयक्तिक सूचना भन्नाले कुनै पनि व्यक्तिसँग सम्बन्धित देहायको सूचना सम्झनुपर्छ :<br><br>(२) निजको शिक्षा वा शैक्षिक उपाधि,<br><br>(४) निजको राहदानी, नागरिकता, राष्ट्रिय परिचयपत्र नम्बर, सवारी चालक अनुमतिपत्र, मतदाता परिचयपत्र वा सार्वजनिक निकायबाट जारी.भएका परिचयपत्रको विवरण<br><br>(७) निजको आपराधिक पृष्ठभूमि वा निजले फौजदारी कसुरमा सजाय पाएको वा कसुर भुक्तान गरेको विवरण, | • शिक्षा वा शैक्षिक उपाधि वैयक्तिक सूचनाको विषयभित्र कसरी पर्छ, यस भित्र राख्नुको औचित्य प्रष्ट हुन जरुरी छ ।<br><br>• सार्वजनिक निकायबाट जारी भएका परिचयपत्रको विवरण आदि दस्तावेजहरू पनि गोपनियताको सिमा भित्र किन र कस्तो स्थीतिमा पर्छ, सो व्याख्या हुनुपर्छ ।<br><br>• आपराधिक पृष्ठभूमि वा निजले फौजदारी कसुरमा सजाय पाएको वा भुक्तान गरेको विषय निजलाई समाजमा सम्मानपूर्ण जीवनयापन गर्ने सन्दर्भमा नकारात्मक असर नपर्ने गरी सार्वजनिक हुनुपर्छ । आम नागरिकलाई अपराधिविरुद्ध सुसुचित गराउन पनि सूचना | • शिक्षा वा शैक्षिक उपाधिको संरक्षण व्यक्ति आवद्ध संस्थाले सो व्यक्तिको लागि गरिदिने बचाउ हो । त्यसैले यसलाई गोपनियताको दायराभन्दा बाहिर राख्नुपर्छ ।<br>• व्यक्तिको जीउ ज्यान, मान, प्रतिष्ठामा गम्भिर असर पर्ने खण्डमा मात्र गोपनियताले संरक्षण दिनु पर्दछ । सामान्य अवस्थामा पनि गोपनियताको प्रयोग गरी पहिचान लुकाउनका लागि नै यो ऐन दुरूपयोग हुने खतरा निम्त्याउछ । यो दफा परिमार्जन हुन जरुरी छ ।<br>• यस परीक्षणका लागि स्वतन्त्र नियमनकारी निकाय ऐन अन्तर्गत नै गठन हुनपर्छ ।<br>• आपराधिक पृष्ठभूमि वा निजले फौजदारी कसुरमा सजाय पाएको वा भुक्तान गरेको विषय निजलाई नकारात्मक असर नपर्ने गरी निजबारे सूचना खुला हुनपर्छ भनी संशोधन गर्न जरुरी देखिन्छ ।<br>• नकारात्मक असर मापन गर्ने/हानि र |

FREEDOM FORUM
"A Nepali CSO (civil society organization) dedicated to democracy, human rights and governance"

| | | | |
|---|---|---|---|
| | (८) कुनै निर्णय प्रक्रियामा पेशागत वा विशेषज्ञ राय दिने व्यक्तिले त्यस्तो प्रकृयामा के, कस्तो राय वा धारणा व्यक्त गरेको थियो भन्ने विषय | खुला हुनुपर्छ ।<br><br>● सार्वजनिक मामिलामा दिएको राय र सुझाव गोपनियताभित्र पर्न सक्दैन | नाक्सानबारे परीक्षणका लागि स्वतन्त्र र स्वायत्त नियमनकारी निकाय ऐन अन्तर्गतनै गठन हुनपर्छ ।<br><br>● सार्वजनिक मामिलाको विषयमा दिएको राय र सुझाव गोपनियता भित्र पर्दैन र खारेज भागी छ । |

| | | | |
|---|---|---|---|
| | (च)"सार्वजनिक निकाय" भन्नाले देहायका निकाय सम्झनुपर्छः<br>(४)नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको कम्पनी, बैंक, समिति वा कानुनबमोजिम नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहहरूद्वारा स्थापित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य संगठित संस्था,<br><br>(६)नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहद्वारा स्थापित वा सञ्चालित वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक अनुदान प्राप्त विश्वविद्यालय, महाविद्यालय, विद्यालय, अनुसन्धान केन्द्र र अन्य त्यस्तै प्राज्ञिक वा शैक्षिक संस्था, | • तीन तहको सरकारको स्वामित्व जोडिएको कम्पनी वा यस्तै संस्था मात्र भनिँदा कति प्रतिशतसम्म शेयर हो ? सो कुरा स्पष्ट हुन जरुरी छ ।<br>• के गैर सरकारी निकायहरू पनि सार्वजनिक निकाय भित्र पर्दछन ? यसको विस्तृत व्याख्या आवश्यक छ ।<br><br>• *'अन्य त्यस्तै प्राज्ञिक वा शैक्षिक संस्था'* भनेको के हो ? यसबारे व्याख्या आवश्यक छ । | • सार्वजनिक निकायको व्याख्यामा *'अन्य यस्तै निकाय'* जस्ता शब्द प्रयोग गर्दा कानुन व्याख्यामा प्रश्न आउँछ ।<br><br>• सही तरिकाले सटिक व्याख्या हुन जरुरी छ । |
| परिच्छेद २ दफा ३ (५) (ग) | ***दफा ३:व्यक्तिको शारीरिक तथा निजी जीवनको गोपनियता***<br>(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा व्यक्तिको शारीरिक वा मानसिक अवस्था वा निजी जीवनको गोपनीयता खुलासा गर्न सकिनेछ :-<br>(ग) अनुसन्धान वा अभियोजन गर्ने अधिकारीले कुनै कसूरको सिलसिलामा अनुसन्धान गरेको विषय | • यस दफालाई आधार बनाएर सुरक्षा अधिकारीहरूले गोपनियतामाथि अतिक्रमण गर्नसक्छन् ।<br>• यसले गर्दा गोपनियताका अधिकारहरू झन् कमजोर हुन जान्छ । | • दफा ३ (१) (२) (३) (४)ले गोपनियताको अधिकार सुनिश्चित गरे पनि फेरि तलको प्रतिबन्धात्मक वाक्यांशले सो अधिकार खोसेको छ ।<br>• अनुसन्धान र अभियोजन गर्ने अधिकारीले कसुरको अनुसन्धान गर्दा व्यक्तिलाई असर नपर्ने गरी उसको |

| | | | |
|---|---|---|---|
| | भएमा, | | गोपनियताको वचाव गर्नुपर्छ । <br>● यो दफा संशोधन गर्नुपर्छ । |
| दफा ५(४) | **५.शरीरको तलासी लिन नहुने** <br>(४)यस दफाको प्रयोजनका लागि सुरक्षा जाँच वा परीक्षणका लागि सार्वजनिक ठाउँमा खटिई आफ्नो ओहोदा अनुसारको चिह्न र पोशाक लगाई कर्तव्य पालना गर्ने सुरक्षाकर्मीलाई अन्यथा प्रमाणित भएकोमा बाहेक सुरक्षा जाँचको अख्तियारी भएको मानिनेछ । | ● तोकिएको ठाउँ वा खटाएको ठाउँमा मात्र होइन, सामान्य अवस्थामा पनि प्रहरी वा सुरक्षाकर्मीलाई शरीर खान तलासी गर्न सक्ने व्यापक अधिकार दिइयो । यो गलत हो । | ● साथै महिला सुरक्षा चेक जाँच गर्दा महिला सुरक्षाकर्मीले गर्नुपर्ने र महिला सुरक्षाकर्मी नभएको खण्डमा अन्य महिलालाई निजको शरीर चेकजाँच गर्न लगाउनुपर्नेछ भन्ने प्रावधान समावेश गर्नुपर्छ । |
| **परिच्छेद-३ आवाससम्बन्धी गोपनियता** <br><br>दफा ८(२) को प्रतिबन्धात्मक वाक्यांश | **८ आवासमा प्रवेश गर्दा सूचना दिनुपर्ने** <br><br>(२) उपदफा (१) बमोजिम कुनै व्यक्तिको आवासमा प्रवेश गर्दा प्रचलित कानूनबमोजिमको शर्त तथा कार्यविधि पूरा गर्नुपर्नेछ । <br><br>*तर, तत्काल खानतलासी नलिएमा आरोपित व्यक्ति भाग्ने वा उम्कने वा प्रमाण नष्ट हुने भएमा सो कुराको अभिलेख राखी प्रवेश गर्न सकिनेछ ।* | ● यो कुराको औचित्य र अवस्था कसरी सुनिश्चित हुन्छ । भाग्ने वा उम्कने अवस्थाको पुष्टि गर्ने दायित्व प्रहरीको हुनुपर्छ । | ● प्रहरी प्रवेश गरेपछि पनि,त्यहाँ भित्रको अवस्था सार्वजनिक गर्दा तत्काल व्यक्तिको जीउ, ज्यान मान, प्रतिष्ठामाथि नकारात्मक प्रभाव पर्ने रहेछ भने सो कुराको वचाउ पनि प्रहरी स्वयमले गर्नुपर्छ भन्ने प्रावधान राख्न जरुरी छ । |
| दफा १० (४) | **१०.सम्पत्तिको गोपनियता हुने** <br>४) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै कसुरको अनुसन्धानको सिलसिलामा अधिकार प्राप्त अधिकारीको आदेशबमोजिम सम्पत्ति विवरण माग भएको वा कुनै व्यक्तिका | ● कसुर अनुसन्धानको सिलसिलामा भनेर मात्र पुग्दैन । <br>● सार्वजनिक पद धारणा गरेको व्यक्तिको हकमा सम्पत्तिको गोपनियता हुनुहुँदैन । उसको सम्पत्ति विवरण सार्वजनिक हुनुपर्छ । | ● प्रचलित कानूनबमोजिम सार्वजनिक पद धारणगरेको मानिने कुनै पदाधिकारीले कानूनबमोजिम पेश गरेको सम्पत्ति विवरण प्रचलित कानून बमोजिमबाहेक |

| | | | |
|---|---|---|---|
| | विरुद्धमा सोही विषयमा परेको मुद्दाका सन्दर्भमा अदालतबाट माग भएको अवस्थामा सम्पत्ति विवरण अभिलेख राख्ने सम्बन्धित निकाय, संगठित संस्था वा अधिकारीले सोको अभिलेख उपलब्ध गराउनुपर्नेछ । | | सार्वजनिक गर्न हुँदैन । तर, नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको पदाधिकारीले पेश गरेको सम्पत्ति विवरण सार्वजनिक गर्न बाधा पर्ने छैन भन्ने प्रावधान थप गर्न जरुरी छ । |
| दफा ११ (२) क, ग, ट | **११. <u>लिखतको गोपनियता हुने</u>**<br>(२)उपदफा (१) को प्रयोजनको लागि देहायको लिखत सम्बन्धित व्यक्तिको वैयक्तिक लिखत मानिनेछ :<br>(क) शैक्षिक योग्यतासम्बन्धी प्रमाणपत्र,<br>(ग) नागरिकता, राहदानी, मतदाता परिचय पत्र, सवारी चालक अनुमतीपत्र वा यस्तै प्रकृतिका परिचय खुल्ने अन्य कागजात,<br>(ट) तोकिए बमोजिमका अन्य कागजात । | • *'तोकिएबमोजिमका अन्य कागजात'* भनेको के हो ? यो विष्य अस्पष्ट छ ।<br>• वैयक्तिक सूचनाको दायरा व्यापक भयो ।<br>• गोपनियता भंग हुन्छ भनेर सामान्य परिचयको दस्तावेजलाई किन लिखतको गोपनियता भित्र राखेको हो भन्ने कुराको औचित्य प्रष्ट छैन ।<br>• सार्वजनिक पद धारणा गरेको व्यक्तिको यस किसिमका विवरणहरू खुला हुनुपर्दछ । | • मानिसलाई जीउ ज्यानको खतरा हुँदा उसको पहिचान लुकाउनुपर्ने हुनसक्छ र यो समयमा गोपनियताको अधिकार प्रयोग गर्नु सामान्य मान्न सकिन्छ । तर, सामान्य अवस्थामा पनि यो अधिकार अवलम्वन गरिँदा झन् खतरा निम्त्याउन सक्छ ।<br>• यो दफा संशोधन गर्नुपर्छ । |
| **परिच्छेद-६**<br>दफा १२ (३) | **<u>तथ्याङ्कसम्बन्धी गोपनियता</u>**<br>(३) उपदफा (२) बमोजिम मञ्जुरी लिई संकलन गरिएको तथ्याङ्क जुन प्रयोजनको लागि संकलन गरिएको हो सार्वजनिक निकाय वा संगठित संस्थाले सोही प्रयोजनको लागि मात्र प्रयोग गर्नुपर्नेछ । | • यस व्यवस्थाले खुला तथ्याङ्कको अवधारणालाई संकुचित पार्नेछ ।<br>• खुला तथ्याङ्कको अवधारणा अनुसार तथ्याङ्क use र reuse हुनुपर्छ । एक पटक लिएको तथ्याङ्कपुन प्रयोग गर्न राज्य आफैंले व्यवस्था गर्नुपर्छ । | • यस ऐनले खुला तथ्याङ्कको अवधारणालाई निरुत्साहन गर्नेतर्फ अग्रसर भएको देखिन्छ ।<br>• तथ्याङ्कसम्बन्धी नयाँ ऐन नै लागु हुनुपर्छ । |
| दफा १२ (४) (क) (ख) (छ) (ज) | कुनै पनि व्यक्तिको मञ्जुरी नलिई कसैले पनि निजसँग सम्बन्धित देहायका | • यस अवस्थामा मताधिकार गोप्य विषय हो तर राजनीतिक आवद्धता गोपनियताको विषयमा | • सम्पति तथा आय आर्जन सम्बन्धी विवरण गोपनियताको विषयभित्र |

| | | | |
|---|---|---|---|
| | तथ्याङ्कहरू अरू कसैलाई दिन वा सार्वजनिक गर्न गराउन हुँदैन ।<br>(क) स्वास्थ्य परीक्षण सम्बन्धी विवरण<br>(ख) सम्पत्ति तथा आय आर्जनसम्बन्धी विवरण,<br>छ) राजनितिक सम्बद्धता र निर्वाचनसम्बन्धी विवरण,<br>ज) व्यवसाय वा कारोबारसम्बन्धी विवरण । | पर्दैन ।<br>राजनीतिक आवद्धता खुला र पारदर्शी हुनुपर्छ । | राख्नुहुँदैन र सार्वजनिक पद धारणा गरेको व्यक्तिको हकमा यो हक अवलम्वन गर्न हुँदैन ।<br>● यो व्यवस्था संशोधन हुन जरुरी छ ।<br>● व्यवसाय वा कारोबारसम्बन्धी विवरण सार्वजनिक गर्नुपर्छ । Conflict ofInterest ले check गर्नुपर्ने विषय पनि unchecked बस्न सक्ने खतरालाई कम गर्नुपर्छ । |
| दफा १२ (५), १२ (६) | (५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै फौजदारी कसुरको अनुसन्धानको शिलशिलामा अदालत वाकानून बमोजिम अधिकार प्राप्त निकाय, अधिकारी वा निजको आदेशले कुनै वैयक्तिक तथ्याङ्क वा विवरण उपलब्ध गराउनुपर्ने अवस्था भएमा त्यस्तो तथ्याङ्क वा विवरण उपलब्ध गराउनु पर्नेछ ।<br><br>(६) उपदफा (४) को खण्ड (क), (ख), (ग) र (ज) मा जुनसुकै कुरा लेखिएको भएतापनि सार्वजनिक पदमा वहाल रहेको कुनै व्यक्तिको उमेर,योग्यता, चरित्र, यौनिकता, अपांगताजस्ता | ● यस प्रावधानले गोपनीयताको हकलाई झन कमजोर बनाएको छ ।<br>● यस किसिमको अनुसन्धान को लागि छुट्टै स्वतन्त्र नियमक निकाय वा कमिसन ले नै आदेश दिने र अनुसन्धा गर्नुपर्छ ।<br><br>● यस व्यवस्थाले सार्वजनिक सूसूचित गराउने दायित्व भएका पत्रकार र आमसञ्चार माध्ययमलाई ती प्रश्नहरूवारे वहस गराउन प्रमाण प्रस्तुत गर्ने खुलापन दिँदैन । | ● फेरी पनि तलको प्रतिवन्धात्मक वाक्यांशले सो अधिकार कम्जोर बनाएको छ र अधिकार प्राप्त निकायमा असिमित अधिकार दिन्छ ।<br>● त्यसैले अरूको जीउ ज्यान सम्पती, इज्जतमा नकारात्मक असर नपर्ने किसिमको गोप्य तथ्याङ्क वचाउने र अत्यावश्यक परेको खण्डमा मात्र उपलब्द्ध गराउने प्रावधान राख्नुपर्छ ।<br><br>● यसमा सो व्यक्तिलाई नकारात्मक असर नपर्ने गरी भन्ने प्रावधान राख्न जरुरी छ र यससम्बन्धी नियमन गर्न छुट्टै स्वतन्त्र र स्वायत्त निकाय गठन गर्नुपर्छ । |

| | | | |
|---|---|---|---|
| | विषयमा कुनै प्रश्न उत्पन्न भएमाअधिकार प्राप्त अधिकारीको माग वमोजिम सम्बन्धित व्यक्तिले त्यस्तो कागजात उपलब्ध गराउन सक्नेछ । | | |
| परिच्छेद–७ दफा १३ (३) | (३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित व्यक्तिको मन्जुरी वा कुनै फौजदारी कसूरको अनुसन्धानको सिलसिलामा प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारीको आदेशले कुनै पनि व्यक्तिको चिठ्ठीपत्र, पत्राचार वा विद्युतीय पत्र (इमेल)वा विद्युतीय माध्यमबाट प्रवाह हुने सम्वाद वा त्यस्तै प्रकृतिका अन्य पत्राचार उपलब्ध गर्न वा गराउन  सकिनेछ । | ● वैयक्तिक गोपनियतालाई कम्जोर पार्ने र अधिकार प्राप्त अधिकारीलाई त्यस्तो वैयक्तिक सूचना सार्वजनिक गर्ने असिमित अधिकार दिन्छ । | ● यसमा पनि अनुसन्धान अधिकारीले सो कुराको गोपनियता राख्नुपर्छ ।<br>●<br>● हात परेको सूचना जोगाउनुपर्छ र नकारात्मक प्रभाव नपर्ने भार पनि अनुसन्धान अधिकारीको हुन्छ ।<br>● यो दफा संशोधन भागी छ । |
| दफा १४ (१)(२) | **<u>चिठ्ठीपत्र खोल्न नहुने</u>**:<br>(२) कुनै पनि व्यक्तिले अन्य व्यक्तिको विद्युतीय पत्र खोल्न, हेर्न वा अन्य कसैलाई पठाउन (फरवार्ड गर्न) हुँदैन | ● योअस्पष्ट भयो । अन्य व्यक्तिको भन्नु भन्दा संवादमा नरहेको व्यक्ति भन्नु उपयुक्त हुन्छ । | ● कसैलाई हानि नगर्ने गरी विद्युतीय पत्र फरवार्ड गर्न कसुर मानिनु हुन्न ।<br>● यो दफा संशोधन हुनुपर्छ । |
| परिच्छेद ८ दफा १५ (२),(३) | **१५.  <u>चरित्रको गोपनियता हुने</u>**:<br>(२) कुनै व्यक्तिको चरित्र ,आचरणवा व्यवहारको सम्बन्धमा कुनै प्रश्न उठेमा त्यस सम्बन्धमा छानविन गरी कानूनबमोजिम कारबाही गर्ने क्रममा बाहेक निजको चरित्रको सम्बन्धमा | ● यो गाली वेइज्जती कानुनले सम्बोधन गर्ने विषय हो ।<br>● के गर्दा चरित्रलाई आघात हुने हो, यो व्यक्तिलाई अनुभूति हुने कुरा हो त्यसैले सर्वप्रथम त चरित्रकै व्याख्या हुनुपर्छ । | ● गाली बेइज्जती कानुनद्वारा नै नियमन हुनुपर्ने विषय यहाँ राख्दा कानुन वैध हुँदैन । तसर्थ यो हटाउनुपर्दछ । |

| | | | |
|---|---|---|---|
| | कसैले कुनै टिप्पणी गर्न हुँदैन ।<br>(३) कसैले कुनै पनि व्यक्तिको चरित्रमा आघात पार्ने वा निजको वेइज्जती वा अपमान हुने गरी कुनै पनि प्रकारको काम कारबाही गर्न  वा निजको आचरण सम्बन्धी कुनै पनि कुरा सार्वजनिक गर्न वा गराउन हुँदैन । | | |
| दफा१६ (१) (२) (३) | **१६.<u>तस्वीर खिच्न वा बिक्री गर्न नहुने</u>**: (<br>१) कसैले कुनै व्यक्तिको चरित्र वा सामाजिक प्रतिष्ठामा क्षति पुग्ने गरी निजको मन्जुरीबिना निजको तस्वीर खिच्न वा निजलाई बदनाम गर्ने नियतले निजको तस्वीरसँग अरू कसैको तस्वीर राखी जुनसुकै तरिकाले अर्को तस्वीर बनाउन वा एक व्यक्तिको तस्वीरको केही अंश अर्को व्यक्तिको तस्वीरको अर्को अंशसँग मिलाई अर्कै तस्वीर बनाउन, प्रकाशन गर्न वा सार्वजनिक गर्न गराउन हुँदैन ।<br>n २) कसैले कुनै सार्वजनिक ठाँउको तस्वीर खिच्दा त्यस्तो ठाउँमा रहेको कुनै व्यक्ति समेतको तस्वीर खिचिन गएकोमासमेत त्यस्तो व्यक्तिको मञ्जुरी बिना सो तस्वीर उपनियम (१) विपरीत प्रयोग गर्न वा | • पत्रपत्रिकाको प्रयोजनका लागि यो व्यवस्थाले निमन्त्रण बढाउछ । तसर्थ पत्रकारिताको जिम्मेवार अभ्यासलाई  सहज पार्ने गरी यी व्यवस्था सुधार गरिनुपर्छ ।<br><br>• यो असान्धर्भिक  र अव्यवहारिक छ । | • तर समाचार संकलन गर्न खटिएको पत्रकारको हकमा यो प्रावधान लागु हुने छैन भन्ने थप गर्नुपर्छ ।<br><br>• यो व्यवस्था हटाउनुपर्छ । |

| | | | |
|---|---|---|---|
| | गराउन हुँदैन । (३) कसैले कुनै पनि व्यक्तिलाई सताउने, हैरान पार्ने वा निजबाट कुनै अनुचित फाइदा लिने वा तस्वीरको व्यापारिक प्रयोग गरी फाइदा लिने नियतले निजको मन्जुरीन लिइ निजको तस्वीर अरू कसैलाई दिन वाप्रकाशन, प्रचार प्रसार, खरिद बिक्री वा सार्वजनिक गर्न गराउन हुँदैन । | • हैरानीको परिभाषा स्पष्ट गरिनुपर्छ । के हुदाँ हैरानी हुन्छ भन्ने स्पष्ट नभए यस्को गलत प्रयोग  हुन सक्छ । | • यसलाई बोधगम्य बनाउन आवश्यक छ । अस्पष्ट र असान्दर्भिक पक्ष हटाउनुपर्छ । |
| परिच्छेद ९<br>दफा १९ | **<u>१९) विद्युतीय माध्यमको गोपनियता हुने :</u>**<br>प्रत्येक व्यक्तिलाई विद्युतीय माध्यममा रहेको निजको कुनै पनि वैयक्तिक सूचना, लिखत, पत्राचार, तथ्याङ्क वा चरित्र सम्बन्धी कुराको गोपनियता राख्न पाउने अधिकार हुनेछ ।<br>(२) कसैले कुनै पनि व्यक्तिको विद्युतीय माध्यममा रहेको वा प्रवाह हुने सूचना, जानकारी, पत्राचार अनाधिकृत रूपमा प्राप्त गर्न, त्यसको गोपनियता भंग गर्न वा अनाधिकृतरूपामा कसैलाई उपलब्ध गराउन हुँदैन ।<br>(३) कसैले पनि कुनै दुई वा दुईभन्दा बढी व्यक्तिहरू बीचमा विद्युतीय माध्यमबाट भएका कुनैसम्वाद वा कुराकानी कानूनबमोजिम अधिकार प्राप्त अधिकारीले आदेश | • यी व्यवस्थालाई Personal data protection सम्वन्धी विस्तृत र विशेष छुट्टै कानुनद्धारा सम्बोधन गरिनुपर्दछ ।<br>• यहाँ राखिएको व्यवस्थाले विषयको गम्भिरतालाई सम्बोधन गर्दैन । | • यो दफा अनावश्यक छ ।<br>• माथिनै गोपनियताको परिभाषा गर्दा विद्युतीय माध्यमको पनि गोपनियता हुने भन्ने प्रावधान त्यही थप गरी यहाँ छुट्टै राख्न आवश्यक जरुरी देखिदैन । |

| | | | |
|---|---|---|---|
| | दिएकोमा वा त्यसरी कुरा गर्ने सम्बन्धित व्यक्तिहरूलेमन्जुरी दिएको अवस्थामा बाहेक कुनै यान्त्रिक उपकरणको प्रयोग गरी सुन्न वा त्यस्तो कुराको ध्वनी अङ्कन वा टेप रेकर्ड गर्न गराउन हुँदैन । तर सार्वजनिक रूपमा गरिएको भाषण वा वक्तव्यको हकमा यस उपदफाको व्यवस्था लागू हुने छैन । (४) उपदफा (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित व्यक्तिहरूको मन्जुरी वा अधिकार प्राप्त अधिकारीको आदेशले कुनै पनि सूचना, जानकारी वा पत्राचारसुन्न, ध्वनी अंकन वा टेप रेकर्ड गर्न गराउन सकिनेछ । (५) विधुतीय सूचना र तथ्याङ्कको गोपनियता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । | | |
| दफा २१ | निगरानी वा जासुसी गर्न नहुने : कुनै व्यक्तिको आवास वा कुनै कार्यालयको निगरानी वा जासूसी गर्न वा यस ऐनबमोजिम गोप्य हुने कुरा प्राप्त गर्ने उद्देश्यले कुनै विद्युतीय माध्यम, फोटोग्राफी वा कुनै तरिका प्रयोग गर्न हुँदैन । | • पत्रकारिता (आनुसन्धानमूलक) गर्ने प्रयोजनलाई अफ्ठ्यारो पर्न सक्ने हुनाले यसलाई केही सीमासहितको बनाउनुपर्छ । | • अनियमितता, भष्टचारजन्य वा गैरकानुनी कार्यबाट आम नागरिकलाई सुसुचित गराउन र केही कुराको खुलासा र खोज गर्ने उद्देश्यले गरेको निगरानिलाई अनुमति दिइनुपर्छ । |
| दफा २२ | ड्रोन प्रयोग गर्न नहुने : सार्वजनिक स्थान बाहेक कुनै | • ड्रोन प्रयोग गर्न नहुने व्यवस्था | • यो व्यवस्था शान्ति |

| | | | |
|---|---|---|---|
| | सार्वजनिक निकाय, पुरातात्विक महत्वको क्षेत्र,सुरक्षा निकायको भवन,संरक्षित क्षेत्र वा खानीजन्य प्रर्दाथ रहेको क्षेत्र वा कुनै व्यक्तिको आवासमा अधिकार प्राप्त अधिकारी वा त्यस्तो व्यक्तिको अनुमतिबिना कुनै किसिमको ड्रोन वा त्यस्तै प्रकृतिको यन्त्र प्रयोग गर्न वा कुनै गोप्य सूचना प्राप्त गर्ने उद्देश्यले कुनै कार्य गर्न हुँदैन । | सुरक्षाको विषयभित्र पर्ने विषय हो ।<br>● सार्वजनिक स्थलमा हुने निजी गतिविधिको गोपनियता हननको विषय Tort Law अन्तर्गत पर्ने विषय हो । यसलाई गोपनियता ऐन अन्तर्गत राख्नु हुँदैन । | सुरक्षासँग सम्बन्धित विषय भएकाले यहाँबाट हटाउनुपर्दछ । |
| **परिच्छेद – १०**<br>**<u>वैयक्तिक सूचना संकलन तथा संरक्षण</u>**<br><br>दफा२३ | **२३. <u>कानून बमोजिम बाहेक वैयक्तिक सूचना संकलन गर्न नहुने</u> :**<br>: (१) कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा त्यस्तो अधिकारीबाट अनुमति प्राप्त व्यक्ति बाहेक अन्य कसैले कुनै पनि व्यक्तिको वैयक्तिक सूचना संकलन, भण्डारण, संरक्षण, विश्लेषण, प्रशोधन वा प्रकाशन गर्न हुँदैन ।<br>(३) उपदफा (२) बमोजिम सूचना संकलन गर्दा देहायका विषय स्पष्ट रूपमा खुलाउनुपर्नेछ :-<br>(क) सूचना संकलन गर्ने समय,<br>(ख) सूचनाको विषयवस्तु,<br>(ग) सूचनाको प्रकृति,<br>(घ) सूचना संकलनको उद्देश्य,<br>(ङ) सूचना परीक्षणको विधि र प्रक्रिया,<br>(च) सङ्कलित सूचनाको गोपनियता राख्ने विषयको सुनिश्चितता,<br>(छ) सङ्कलित सूचनाको सुरक्षा लगायतका विषय । | ● यस दफाले सिधै कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा त्यस्तो अधिकारीबाट अनुमति प्राप्त व्यक्ति बाहेक अन्य कसैलेवैयक्तिक सूचना संकलन गर्न नहुने भनि व्यवस्था गरिएको छ । तर के सूचना संकलन नै गर्नु नै गैरकानुनी हो ?<br>● सूचना दुरूपयोग गर्ने मनसायले गरेको सूचना संकलन गैरकानुनी विषय हुनुपर्नेमा सिधै कानून बमोजिमबाहेक वैयक्तिक सूचना संकलनलाई नै गैरकानुनी बनाउन कतिसम्मको न्यायोचित हुन्छ,सोको पनि विश्लेषण हुन जरुरी छ ।<br>● यसका साथै सूचना प्रशोधनलाई ऐनले विस्तृत व्याख्या गर्नुपर्दछ । | ● यस दफालाई संशोधन गर्न पर्छ ।<br>● सूचना संकलनलाई अनावश्यक बन्देज लगाई संकलन प्रक्रिया झन्झटिलो बनाइँदा Research, Survey जस्ता अभ्यासलाई अवरोध हुन्छ । यो कुराको सम्बोधन गरी संशोधन गरिनुपर्छ । |

| | | | |
|---|---|---|---|
| दफा२४ | **<u>वैयक्तिक सूचना नमानिने</u>**<br>२३. **<u>वैयक्तिक सूचना नमानिने</u>** : प्रचलित कानुनमा अन्य व्यवस्था भएकोमा बाहेक सार्वजनिक पद धारण गरेको मानिने व्यक्तिका सम्बन्धमा देहायको सूचना निजको वैयक्तिक सूचना मानिने छैन :<br>(क) निज कुन सार्वजनिक निकायमा बहाल रहेको पदाधिकारी हो भन्ने विषय,<br>(ख) निजको पद र सो हैसियतमा सम्पर्क गर्न सकिने कार्यालयको ठेगाना, टेलिफोन नम्बर वा विद्युतीय पत्र (ईमेल) को ठेगाना,<br>(ग) सार्वजनिक निकायले जारी गरेको वा लेखेको कुनै पत्र वा लिखतमा हस्ताक्षर गर्ने व्यक्तिको नाम र निजको पद,<br>(घ) निजले सम्पादन गर्ने कामको कार्य विवरण र त्यसको प्रकृति,<br>(ङ) निजको सेवा शर्त सम्बन्धि विषय । | • यो गोपनियता अन्तर्गत पर्ने विषय होइन।<br>• यो disclosure को विषय हो । | • यस दफा संशोधन गरी सार्वजनिक पद धारणगरेको व्यक्तिको वैयक्तिक सूचना नमानिन विषयमा निजको सम्पति विवरण, कारोबार, शैक्षिक प्रमाणपत्र जस्ता विषउ थप गर्नुपर्दछ । |
| दफा२५ | **<u>संकलित सूचनाको संरक्षण</u>** : | • यस ऐनमा सूचना संरक्षणको प्रावधान राख्दा न गोपनियताको व्याख्यालाई न्याय दिएको छ न त राम्ररी सूचनाको संरक्षणको धारणालाई समावेश गर्न सकेको छ । | • त्यसैले यो ऐनले गोपनियतालाई मात्र सम्बोधन गर्नुपर्छ र सूचनाको संरक्षणसम्बन्धी छुट्टै ऐन बनाउनुपर्छ । |
| दफा २६ | **<u>सहमतिबिना वैयक्तिक सूचनाको उपयोग गर्न नहुने</u>** | • सहमतिबविना वैयक्तिक सूचनाको उपयोग गर्ने भन्ने दफा छुट्टै राख्नुको औचित्य के हो ? | • यो खण्ड दोहोरिएको छ । ऐनलाई अनावश्यक लामो बनाई दोहोरो अर्थ लाग्ने कुराहरू थप भएको छ । |

| | | | |
|---|---|---|---|
| | | • यो कुरा देहोरिएको छ र ऐनलाई अनाव्यसक लामो बनाएको छ । | • यो हटाइनु पर्छ । |
| दफा २७(२) ख, ग,च, २७(३) | **<u>२७) संवेदनशील सूचना प्रशोधन गर्न नहुने</u>**<br>(२) उपदफा (१) को प्रयोजनका लागि देहायको सूचनालाई सम्बन्धित व्यक्तिको सम्वेदनशील वैयक्तिक सूचना मानिनेछ :<br>ख) राजनीतिक आबद्धता,<br>ग) धार्मिक आस्था वा विश्वास,<br>(च) सम्पत्तिसम्बन्धी विवरण ।<br>२७ (३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा त्यस्तो सूचनाको प्रशोधन गर्न सकिनेछ<br>(क) सम्बन्धित विषयको इजाजत प्राप्त चिकित्सक वा निजको निर्देशनमा स्वास्थ्यकर्मीले सम्बन्धित विषयको रोग निवारण गर्न वा सार्वजनिक स्वास्थ्य संरक्षण गर्न, रोग पहिचान वा स्वास्थय उपचार गर्न वा स्वास्थ्य संस्थाको व्यवस्थापन तथा स्वास्थ्य सेवा प्रदान गर्ने सिलसिलामा सम्बन्धित व्यक्तिलाई अपमान वा हीनताबोध नहुने गरी आवश्यक प्रशोधन गरेकोमा,<br><br>ख) सम्बन्धित व्यक्तिले नै त्यस्तो सार्वजनिक गरिसकेको सूचना भएमा | • गोपनियता आफैमा संवेदनशील सूचना हो । यो ऐन नै गोपनियता संरक्षण गर्न बनाइएको हो । तर यसै ऐनमा फेरी छुट्टै ***संवेदनशील सूचना*** प्रशोधन गर्न नहुने भनि व्यवस्था किन र के का लागि गरियो यसमा पनि स्पष्टता छैन ।<br>• साथै सूचना प्रशोधन के हो र के लाई मान्ने भन्ने विषयलाई ऐनमा स्पष्ट व्याख्या हुनुपर्छ ।<br>• यो व्यवस्था दोहोरिएको छ र छुट्टै राख्न अनावश्यक देखिन्छ । | • यो दफाले अन्योल सिर्जना गर्छ । अनावश्यक रूपमा दोहोरिएको छ । |
| दफा २८ | **<u>सूचना सच्याउन निवेदन दिन सकिने</u>**<br>(१) कुनै सार्वजनिक निकायको | • सूचना सच्याउने कुरा र सूचनाको जानकारी जनाउगर्ने अधिकार र कर्तव्य सूचनाको | • ञयो दफा अनावश्यक छ । |

| | | | |
|---|---|---|---|
| | जिम्मा, संरक्षण वा नियन्त्रणमा रहेको आफूसँग सम्बन्धित कुनै सूचना गलत भएको वा तथ्यमा आधारित नभएको कुनै व्यक्तिलाई लागेमा निजले जुनसुकै बखत त्यस्तो सूचना सुधार गरी सच्याउनसम्बन्धित सार्वजनिक निकायमा तोकिएको ढाँचामा निवेदन दिन सक्नेछ ।<br>तर त्यस्तो सूचनाको आधारमा निजले कुनै लाभ, फाइदा वा सुविधा लिइसकेको भए त्यसलाई सच्याउन निवेदन दिन सक्ने छैन ।<br>(२) उपदफा (१) बमोजिम निवेदन दिँदा निजले के कस्तो कारणबाट त्यस्तो सूचना गलत भएको वा तथ्यमा आधारित नभएको हो त्यसको विवरण तथा निजले दाबी गरेको तथ्य वा विवरणलाई पुष्टि वा प्रमाणित गर्ने प्रमाणसमेत दाखिला गर्नुपर्छ ।<br>(३) उपदफा (१) बमोजिम निवेदन परेमा सार्वजनिक निकायले तोकिएबमोजिम छानविन गरी त्यस्तो सूचनामा सुधार गरी सच्याउनुपर्ने देखिएमा आवश्यक सुधार गरी सच्याउन सक्नेछ । | हक अन्तर्गतका विषय/सवालहरू हुन र यी कुराहरू सूचनाको हकसम्वन्धी ऐनमा उल्लेख छन् । | |
| परिच्छेद ११ दफा २९(३) | (३) उपदफा (१) को खण्ड (ग), (ड),(त),(थ), (द),( ध) वा (न) बमोजिमको कसूरमा नेपाल सरकारबादी हुनेछ र त्यस्तो कसूर फौजदारी कार्यविधि संहिता, २०७४ को | • ऐनको प्रस्तावित नामनै *वैयक्तिक गोपनियताका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक*हेकोमा यस अन्तर्गतका कसूरहरू किन अनुसूची-१मा व्यवस्था भएको सरकारवादी | • यसलाई देवानी कसुर अन्तर्गत राख्न जरुरी छ, र यस सम्बन्धमा नियमनकारी स्वतन्त्र निकाय रहनुपर्छ र सो निकायबाट गुनासो र |

| | | | |
|---|---|---|---|
| | अनुसूची-१ मा समावेश भएको मानिनेछ । | फौजदारी कसुर भएको हो । | उजुरी सम्बोधन हुनुपर्छ । |
| दफा ३१(२) | **<u>क्षतिपूर्ति</u>**<br>उपदफा (१) बमोजिमको उजुरी परेमा सम्बन्धित जिल्ला अदालतले क्षतिपूर्ति भराई दिनुपर्ने देखेमा कसूरदारबाट पीडितलाई मनासिव क्षतिपूर्ति भराई दिनुपर्नेछ । | • 'पीडितलाई मनासिव क्षतिपूति' भनेको के हो ?<br>• क्षतिपूति कसरी मापन गर्ने हो भन्ने कुराहरू ऐनमा कही कतै उल्लेखित छैन । | • क्षतिपूर्ति कसुरअनुरूप मापन गर्न मिल्ने गरी ऐनमा व्यवस्था गर्नुपर्छ । |
| दफा ३३ | संरक्षक वा माथवर व्यक्तिको मन्जुरी लिनुपर्ने<br>यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि यस ऐनमा सम्वन्धित व्यक्तिको मञ्जुरीमा सार्वजनिक गर्न वा गोपनियता खुलाशा गर्न सकिने भनी उल्लेख भएका विषयहरू १८ वर्ष उमेर नपुगेको वा मानसिक अवस्था ठीक नभएको व्यक्तिसँग सम्बन्धित भएमा त्यस्तो व्यक्ति सार्वजनिक गर्दा वा सोसँग सम्बन्धित गोपनियता खुलाशा गर्दा निजको हित हुने भई निजको संरक्षक वा माथवर व्यक्तिले मञ्जुरी दिएको अवस्थामा मात्र सार्वजनिक गर्न वा गोपनियता खुलाशा गर्न सकिनेछ । | • यस व्यवस्थालाई गहन अध्ययन गर्दा १८ वर्ष कम उमेरका बालवालिकासँग गर्नुपर्ने Survey वा यस्तै किसिमका Research गर्न पनि रोक लाग्ने देखिन्छ । । | • १८ वर्षभन्दा कम उमेरका बालबालिकासँग Survey वा यस्तै किसिमका Research गर्दाको बखतमा रोक लागाइनु हुँदैन ।<br>• यस दफा अनसार व्यवस्था भएको १८ वर्षको उमेरको सीमा १६ वर्ष बनाउँदा उपयुक्त देखिन्छ ।<br>• यहाँ उल्लेख भएका माथवर व्यक्ति को को हुन् ? सो कुराको परिभाषा चाहिन्छ ।<br>• बालगृह/सुधारगृह/शिक्षालय/विद्यालयमा रहेका बालबालिकाहरूको हकमा पनि स्पष्ट परिभाषामा नै व्यवस्था हुनुपर्छ । |
| दफा ३४ | प्रतिकूल असर नपर्ने<br>यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कानून बमोजिम कुनै कसुरको अनुसन्धान वा | • यो दफा परिमार्जित नहुने हो भने गोपनियतासम्बन्धी ऐनले दिएको सवै अधिकार नष्ट भई ऐन आफैले अधिकार खोस्न खोजेको छ । | • कुनै कसुरको अनुसन्धानको क्रममा अदालतको अनुमतिमा मात्र सूचना वा जानकारी लिनसक्ने |

| | | | |
|---|---|---|---|
| | अभियोजन गर्ने अधिकारी वा अदालतले प्रयोग गर्ने अधिकार तथा अदालतको कारबाहीका सम्बन्धमा यस ऐनमा लेखिएको कुनै कुराले प्रतिकूल असर पारेको मानिने छैन । | • यसबाट गोपनियताको हकमाथि सरकारी हस्तक्षेप सदैव खुला रहन्छ ।<br>• यो हक राज्यविरुद्धको हक हो । तर नागरिकमाथि राज्यका कुनै निकायले अनुसन्धान वा निगराका नाममा हरेक कुराको जासुसी गर्न सक्छ । नागरिकमाथि बढेर राज्य नियन्त्रण हुन्छ  जसले गर्दा नागरिकमा भय र त्रास उत्पन्न हुन सक्छ । | व्यवस्था राखिनुपर्छ ।<br>• अनुसन्धान वा अभियोजन गर्ने अधिकारीका लागि स्वेच्छाचारी हुने अवस्था राख्नु हुँदैन । |
| दफा ३५ | यस ऐन प्रतिकुल गर्न नहुने प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनिकुनै पनि सार्वजनिक सूचना प्रवाह गर्ने निकायले यस ऐनको प्रतिकुल नहुने गरी सूचना प्रवाह  गर्नु पर्नेछ | • यो ऐनले सूचना प्रवाहलाई नियमन  गर्ने होइन, सूचना संरक्षणका लागि हो । यो व्यवस्थाले सूचनाको हक लगायत अन्य प्रचलित कानूनी व्यवस्थालाई कम्जोर वनाँउछ । तसर्थ वैयक्तिक सूचना संरक्षणको संरक्षणको सन्दर्भ मात्र Override Principle हुनु उपयुक्त हुन्छ । | • वैयक्तिक सूचना संरक्षण गरिराख्नुपर्ने दायित्व भएको सार्वजनिक निकायले त्सस्तो सूचना संरक्षण गनुपर्ने सन्दर्भमा यो ऐन मात्र Override  हुनुपर्ने व्यवस्था गरिनुपर्दछ ।<br>• “ सूचना प्रवाह” भन्ने शब्दाबलीको साटो “सूचना संरक्षण” शब्दले प्रतिस्थापन गर्नुपर्छ । |

**थप सुझाव :**

- गोपनियताको ऐन कार्यान्वयनको अवस्थाको  अनुगमन गर्न तथा नागरिकको गुनासो सुनुवाई र उजुरी सुन्न एक स्वतन्त्र र स्वायत्त निकायका रूपमा संरचनागत प्रबन्ध आवश्यक छ । यसका लागि आयोग वा न्यायाधिकरण वा लोकपाल कार्यालयको स्थापनाका लागि ऐनमा प्रावधान थप गरिनुपर्छ ।
- सार्वजनिक निकाय र सार्वजनिक पदाधिकारीका सार्वजनिक चासो रहने कुनै पनि सूचनालाई वैयक्तिक सूचनाको दायरामा राखिनु हुँदैन । साथै सार्वजनिक स्थल र निजी स्थानको बारेमा पनि स्पष्टता हुने प्रावधानको आवश्यकता छ ।
- व्यक्तिगत तथ्याङ्क संरक्षण (Personal Data Protecation का लागि विस्तृतरूपमा छुट्टै ऐन तर्जुमा हुनुपर्छ ।

**मिति:-२०७५/०५/२१**

FREEDOM FORUM
"A Nepali CSO (civil society organization) dedicated to democracy, human rights and governance"